# बीमालेख जफत (Forfeiture) सम्बन्धी जरुरी सुचना

प्रकाशित मिति : २०८२ भदौ ०१ गते

यस नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट विभिन्न समयमा जारी गरिएको बीमालेखहरुबाट बीमितले बीमालेख धितो राखी लिएको कर्जा तथा सोको ब्याज समयमै भुक्तानी नगरेको कारण बीमालेखबाट प्राप्त हुने समर्पण मूल्य (Surrender Value) भन्दा बीमालेख कर्जा रकम र ब्याज भन्दा बढी भएकोले बीमालेखको सामान्य शर्तहरु अन्तर्गत रहि यस्ता बीमालेखहरु जफत गर्नुपर्ने अवस्थामा रहेको व्यहोरा जानकारी गराउदछौं। अत : यस सूचना प्रकाशित भएको ६० (साठी) दिनभित्र बीमालेखको नविकरण बीमाशुल्क भुक्तानी गरि वा लागेको कर्जा तथा ब्याज भुक्तानी गरि बीमालेख अध्यावधिक गर्नुहुन अनुरोध गरिन्छ। सो समयभित्र कर्जा तथा ब्याज रकम भुक्तानी नभएमा बीमालेख स्वतः जफत (Forfeit) हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सुचित गरिन्छ ।

पुनश्च : बीमालेख जफत हुने अवस्थामा रहेका बीमित तथा सम्बन्धित अभिकर्ताहरुलाई कम्पनीमा उपलब्ध मोबाईल नम्बरमा SMS मार्फत जानकारी प्रदान गरिने छ। SMS सन्देश प्राप्त हुन नसकेका बीमितहरुले समेत यसै सुचनालाई आधार मानि बीमालेख अध्यावधिक गर्न अनुरोध गरिन्छ ।

नेपाल लाइफ
इन्स्योरेन्स

रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np